# नेपालमा कानुन शिक्षा र यसको लक्ष्यविहीनता

*डा. यवराज संग्रौला* *

* प्राध्यापक, अन्तराष्ट्रिय कानुन तथा कानुन दर्शन, काठमाडौं स्कुल अफ ल

Email: yubaraj.sangroula@ksl.edu.np

कानुन पत्रिका २०५४, वैशाख अंक २, पेज १७

कानून शिक्षा

# नेपालमा कानून शिक्षा र यसको लक्ष्यविहीनता

युवराज संग्रौला



कानून शिक्षकका रूपमा समेत कार्यरत रहिरहनु भएका अधिवक्ता लेखक केही समय त्रि. वि. कानून संकायद्वारा सचालित कार्य मूलक कानून शिक्षा कार्यक्रमका निर्देशक पनि हुनुहुन्थ्यो।

**भूमिका**

नेपालमा कानून शिक्षाको सम्बन्धमा लेख्न सजिलो छैन। हुनत भारतीय भूखण्डका अन्य देशहरू भारत, पाकिस्तान र श्रीलंका आदिका तुलनामा नेपालको कानून शिक्षाको इतिहास छोटो छ, तर पनि यस छोटो इतिहासमा जे जस्ता घटनाहरू देखिएका छन् – तिनीहरूको विश्लेषण गर्न सजिलो छैन। वास्तविक रूपमा भन्ने हो भने अनेकौं पटक प्रयोगहरू भएका छन्। तर प्रत्येक पटक अनिश्चितता र गम्भीर बेवास्ताको शिकार भएको छ – कानून शिक्षा। सन १९७२ देखि हालसम्मको अवधिलाई मात्र विचार गर्ने हो भने पनि ५/७ किसिमका प्रमाणपत्रहरू भेटिन्छन् र प्रत्येक पटक पाठ्यक्रम वा शिक्षण स्वरूपको ढाँचामा परिवर्तन गरिंदा कुनै किसिमको औचित्यता दिइएको पाइदैन। शायद एउटा निश्चित समयसम्ममा पनि गुणमा कुनै विकास नभई प्रत्येक वर्ष ह्रासोन्मूख अवस्थाको सृजना हुनुमा दिशाविहीनता नै मूल कारणको रूपमा रहेको हुनुपर्दछ।

**परिवर्तनका घटनाक्रमहरू**

नेपालमा कानून शिक्षाको उत्पत्ति प्राज्ञिक क्षमताको विकास गर्ने र कुशल कानून व्यवसायीहरू तथा कानूनविद्हरू उत्पादन गर्ने अभीष्टबाट नभई कानूनसँग सम्बन्धित कतिपय निकायहरूलाई आवश्यक डिठ्ठा तथा विचारीको आवश्यकता पूर्ति गर्ने लेखनदासहरू उत्पादन गर्ने अभीष्टबाट भएको थियो। यसै लेखनदास पाठशालालाई दुइ वर्षे स्नातक तहमा परिणत गरी भारतको पटना विश्वविद्यालयबाट मान्यता प्राप्त गरी पठन पाठनको शुरूवात गरियो जसको परिणामस्वरूप पाठ्यक्रम भारतीय कानूनमा आधारित हुनु स्वाभाविकै, हो। यसले गर्दा तत्कालीन दुईवर्षे स्नातक तह नत परम्परागत नेपाली कानून सापेक्षित हुन सक्यो नत त्यसले तत्कालीन अवस्थामा कानून र न्याय प्रणालीकालागि आवश्यक स्वस्थ वातावरण तयार पार्नु पर्ने राष्ट्को आवश्यकतालाई नै मद्दत गर्न सक्यो। त्यस शिक्षाले विद्यार्थीहरूलाई कानून स्नातकको प्रमाण पत्र दिनु बाहेक अरूथोक दिन सक्ने अवस्था थिएन र ती विद्यार्थीहरू जव कानून व्यवसायको क्षेत्रमा प्रवेश गरे आफूलाई हराएको महशूस गरे। यस क्षेत्रमा प्रवेश गर्नकालागि उनीहरूले पूर्ण रूपमा नेपाली कानूनको अध्ययन गर्नु पर्ने बाध्यता थियो। विदेशी कानूनका अमूर्त सिद्धान्तहरूका बारेमा मात्र जानकारी दिने त्यो व्यवस्था व्यावहारतः नेपालको न्यायिक प्रणालीसँग अमिल्दो मात्र थिएन बरू न्यायिक कार्य प्रणालीका पद्धतिहरूकालागि विसंगतपूर्ण पनि थियो। उदाहरणकालागि भारतीय कानून ब्रिटिस न्यायिक पद्धतिबाट पूर्णरूपमा प्रभावित रहेबाट तत्कालीन भारतीय विश्वविद्यालयहरूले लागू गरेका पाठ्यक्रमहरू ब्रिटिस कानून तथा न्याय शास्त्रकै पठन पाठनमा आधारित थिए। जवकि नेपाली कानून पूर्णतः पम्परागत तथा नेपाली जीवन सापेक्षित थियो। जुरी प्रणालीमा आधारित न्यायिक प्रणाली र अदालतका श्रेणीबद्धतामा आधारित कानून शास्त्रका सिद्धान्तहरूका जानकार कानूनविद्हरूलाई आफ्नो कानून अनौठो लाग्नु पर्ने अवस्थाहरू थिए। प्रश्न तत्कालीन शिक्षा गुणयुक्त थियो थिएन भन्ने होइन् प्रश्न त्यसताका जव कानून शिक्षाको थालनी गरियो त्यो कुन अभीष्ट र आवश्यकता पूर्तिको लागि गरिएको थियो भन्ने हो। यदि इतिहास र त्यस शिक्षाका विशेषतालाई हेर्ने हो भने राष्ट्को कुनै आवश्यकतालाई पूर्ति गर्ने भन्दा थालनीको रूपमा हामीलाई कानून शिक्षाको कुनै न कुनै रूप चाहिएको थियो। राष्ट्रिय आवश्यकता र राष्ट्रिय कानून प्रणालीको दिशा निर्दिष्ट गर्ने लक्ष्य नभएकै कारणले तत्कालीन शिक्षाले कुनै विशेष छाप वा मान्यताको स्थापना गर्न सकेन। तसर्थ थालनीको दृष्टिकोणबाट त्यो शिक्षा महत्त्वपूर्ण हुँदा हुँदै पनि गुणका कारणले दिगो र प्रभावकारी रहन सकेन्। त्यस शिक्षा प्रणालीमा रहेको एक महत्त्वपूर्ण कमजोरी चाहिं कानून व्यवसायको शीप तथा कला विकासप्रति सरोकारविहीन रहनु थियो।

कानून शिक्षाको सबन्धमा सन् १९७२ एउटा महत्त्वपूर्ण काल रह्यो। यस साल "इन्स्टीच्यूट अफ ल" नामको एउटा संस्थाको स्थापना भयो, जसलाई त्रिभुवन विश्वविद्यालय अर्न्तगत कानूनी शिक्षाको प्रशासनिक लगायत प्राज्ञिक नीतिहरू तर्जुमा गर्ने केन्द्रको रूपमा स्थापना गरिएको थियो। यस निकायको स्थापना कानूनको शिक्षामा राज्यको लगानी प्राप्त

गर्ने दृष्टिकोणबाट अत्यन्त महत्त्वपूर्ण रहेको पाईन्छ। यसको उद्देश्य राज्यको आवश्यकता अनुकूल कानून शिक्षाको विकास गर्ने रहेता पनि "राज्यको आवश्यकता" के थियो भन्ने पहिचान गर्ने जिम्मेवारी भने यसलाई थिएन। सन् १९७२ मा नै यस निकायले वृहत पाठ्यक्रमको व्यवस्था गर्दै कानूनको शिक्षालाई दुई वर्षको प्रमाणपत्र तह र तीन वर्षको स्नातक तहमा विभाजित गरी स्कूलको अध्ययन पूरा गर्ने विद्यार्थीलाई एकै चोटी न्याय र कानूनको तार्किक संसारमा प्रवेश गर्ने अवसर प्रदान गऱ्यो। यस व्यवस्था अर्न्तगत लागू गरिएको पाठ्यक्रमले विदेशी कानून प्रणालीको अध्ययनमा आधारित प्रणालीलाई परिवर्तन गरी कानूनको शिक्षालाई नेपाली कानूनको अध्ययन प्रति मुखरित गरेता पनि पाठ्यक्रमको ९५% भन्दा बढी अंश सैद्धान्तिक अध्ययनमा केन्द्रित भएका कारणले नेपाली कानून व्यवसायको शीप र दक्षताको विकासमा कुनै सकारात्मक प्रभाव पार्न सकेन। यसैकारण यस शिक्षा अर्न्तगत स्नातक भई पारंगत भएका व्यक्तिहरूसँग न्याय प्रणालीको सेवामा प्रवेश गर्दा विशिष्ट शीप र दक्षता देखाउन कुनै चीज साथमा थिएन। शायद यस प्रणालीको स्थापना पनि गहिरो अध्ययन र निश्चित अभीष्टको अभावमा नै भएको कारणले होला, यो प्रणालीले एक दशक अवधि पार गरी अगाडि बढ्न सकेन।

सन् १९८३ मा विश्वविद्यालयको प्रशासनिक ढाँचामा पूर्णतः परिवर्तन गरियो। आश्चर्यजनक ढंगबाट एउटै विश्वविद्यालय भित्र दुइ खालका प्रणालीहरूलाई संचालन गरियो। केही प्राविधिक शिक्षाहरूलाई पहिला कै प्रशासनिक ढाँचा भित्र कायम राखी सामाजिक तथा मानविकी शिक्षालाई "संकाय प्रणालीमा" परिवर्तन गरी भताभुङ्ग पारियो भने कानूनलाई समेत यसै विधाभित्र पारी वार्षिक प्रणालीको शुरूवात गरियो। यस परिवर्तनको पछाडिको मूल कारण आर्थिक लगानी रहेको थियो। विश्वविद्यालयलाई श्री ५ को सरकारबाट प्राप्त अनुदान तथा विदेशी अनुदानको अत्यन्त न्यून अंश मात्र दिई प्राविधिक शिक्षाको व्यवस्थापनप्रति मात्र विश्वविद्यालय प्रशासन केन्द्रित रह्यो। सन् १९८३ देखि सन् १९८८ सम्म कानून शिक्षा नेतृत्वहीन मात्र होइन पूर्णतः दिशाविहीन अवस्थाबाट अगाडि बढ्न बाध्य भयो। पाठ्यक्रमलाई निकम्मा र लथालिङ्ग बनाईयो। सेमिस्टर प्रणालीमा अलग अलग विषयको रूपमा स्वाधीन रहेका कतिपय विषयहरूलाई विना आधार तथा औचित्य गाभी एउटा विषय बनाई अध्यापन गर्न थालियो भने पुर्वाधार तर्फ पुस्तकालयलाई समेत बजेट उपलब्ध नहुने अवस्थाको सृजना भयो। सन् १९९१ सम्ममा आईपुग्दा पठन पाठनको मात्रै होइन, भौतिक पूर्वाधारहरूको समेत क्षतविक्षत अवस्था भयो। त्यस ताका फुलब्राइट अर्न्तगत अध्यापनका लागि आएका एक जना अमेरिकी प्राध्यापकले उनका साथीलाई नेपाल ल क्याम्पसको अवस्थाको बारेमा दिएको विवरण यहाँ उल्लेखनीय छ। उनले भनेका थिए "नेपाल ल क्याम्पसको हालत इजरायली विमानले बम हानी भत्किएको बेरुतको एक शौचालयको जस्तै रहेको छ। प्रजातन्त्रको पुनर्स्थापनालाई संस्थागत गर्न यस निकायको महत्त्वपूर्ण भूमिका हुन्छ भनी शासकहरूलाई बुझाउने नेतृत्वको यस निकायमा अभाव छ" वास्तवमा उनको कथननै नेपाली कानून शिक्षाको यर्थार्थता हो।

सन् १९९३ देखि कानूनको शिक्षामा अर्को एक महत्त्वपूर्ण घटनाको शुरूवात भयो। खास गरी कानून व्यवसायीहरू र उनीहरू संवद्ध रहेका केही संस्थाबाट प्रमाणपत्र तहको उन्मूलन र अन्य विषयमा स्नातक गरेपछि तीन वर्षको एल एल. वी. कक्षाको संचालनको प्रसंगलाई अगाडि ल्याउने कार्य भयो र हाल सोही अवस्थाको स्थापना पनि भईसकेको अवस्था छ। तर यी परिवर्तन कुन अभीष्टबाट भएका छन् भन्ने तर्फ भने कुनै सोचाई र मान्यताको जानकारी कसैलाई पनि रहेको छैन।

**कार्यमूलक अध्यापन र स्नातकोत्तर तहको प्रसंग**

सन् १९९१ मा कानून संकायका कार्यरत केही शिक्षक साथीहरूको सक्रियतामा सदा खटकिएको व्यवहारिक अध्ययन र कानून व्यवसायको शीप र दक्षताको विकास गर्ने योजनालाई मूर्तता दिने कार्य एक वर्षे कार्यमूलक कानून व्यवसायिक प्रशिक्षण कार्यक्रमबाट भएको थियो। अमेरिकी विश्वविद्यालयहरूले सफलतापूर्वक संचालन गरिसकेको यस प्रणालीलाई लागू गर्न सजिलो थिएन। यद्यपि साहसका साथ प्रयत्न गरिएको थियो। सन् १९९१ मा परीक्षणको रूपमा संचालन गरिएको यस कार्यक्रमले अध्ययनरत विद्यार्थीहरूमा सकारात्मक प्रभाव पार्न सकेबाट नै कानून व्यवसायमा प्रवेश चाहने विद्यार्थीहरूकोलागि यो आर्कषणको वस्तु बन्न सकेको थियो। सन् १९९२ मा संचालित दोस्रो सत्रमा नै यसले आफनो प्रभावकारिता स्थापना गर्न सकेबाट प्राज्ञिक परिषद्को बैठकबाट यसलाई नियमित पाठयक्रमको रूपमा समावेश गर्ने निर्णय समेत भएको थियो। सन् १९९४ देखि यस कार्यक्रमलाई तीन वर्ष कार्यक्रममा परिणत गर्ने र बढी भन्दा बढी विद्यार्थीहरूलाई यस कार्यक्रममा सहभागी बनाउने उद्देश्यले तीन वर्षे पाठ्यक्रम समेत तयार परिएको अवस्थामा कार्यक्रमको प्रभावकारिता प्रति त्रि.वि.वि. प्रशासनको कुनै पनि संयन्त्रले ध्यान दिन नसक्नुले कार्यक्रम हठात बन्द हुन पुग्यो। यसैताका कानूनको स्नातकोत्तरको अध्ययन संचालन गर्ने तर्फ पनि छलफल भईरहेका थियो भने कार्यमूलक कानून व्यवसायिक कार्यक्रम तथा स्नातकोत्तर तहको अध्यापनलाई संयोजन गरी कानून शिक्षाको विग्रंदो अवस्थालाई रोक्नु पर्दछ भन्ने मान्यताहरू पनि अगाडि आएको थियो। तत्कालीन कार्यमूलक कानून व्यवसायिक प्रशिक्षण कार्यक्रमलाई दि एसीया फाउण्डेशन भन्ने संस्थाले भौतिक पूर्वाधार तयार गर्न र

संचालन खर्च उपलब्ध गराउन सहयोग गरिआएकोमा स्नातकोत्तर तहको संचालनलाई सहयोग गर्न समेत आह्वान गरिएकोमा त्रि. वि. वि. का उपकुलपति केदारभक्त माथेमा, संकाय डीन प्रो. डा. श्यामकान्त सिलवाल, एशीया फाउण्डेशनका प्रतिनिधि सुजन वालन र कार्यक्रम संयोजकका हैसियतले लेखक समेतको बैठक बसी कार्यक्रमको प्रारूप तयार पार्ने निर्णय हुनुका साथै विश्वविद्यालयले समेत केही व्ययभार बहन गर्ने र क्रमशः अनुदान बढाउदै जाने सहमति भएको थियो। सोही अनुरूप जनवरी १९९४ मा मस्यौदा कार्यक्रम तयार गरी कार्यमूलक कानून व्यवसायिक कार्यक्रमलाई तीन बर्षे कार्यक्रममा रूपान्तरित गर्ने गरी कानून संकाय र दि एसीया फाउण्डेशन नेपालका बीचमा सम्झौता पनि भएको थियो। दुवै कार्यक्रमलाई संजोजन गरी संचालन गर्न तयार परिएको मस्यौदामा प्रस्तावित केही योजनाहरू उल्लेख गर्नु यहा सान्दर्भिक हुनेछ। जो निम्न छन् :-

1. "The lawyering skills program must be able to sustain itself eventually. An LL.M or expanded B.L. clinical program should include tution. It could be modest at first and increases each year until it is sufficient to contribute significantly to the viability of the program."
2. The first would be to add a graduate program (LL.M) in lawyering skills and at the same time expand the BL. clinical program to be a three year program. The LL.M would be a two year post graduate program, amounting to a total of five years of legal training. Part of what LL.M students would do in the second year of the program is to teach the classroom component of the present clinical program. This would make it easier to expand the present clinical program from just 40 students in the third year to include many more students in all three years of the curriculum. That is one reason this program is not just the additional of LL.M, but this proves the entire educational program.

उपरोक्त बमोजिम स्नातोकोतरको संचालनकोलागि छलफल भईरहेको थियो भने तीन वर्षे कार्यमूलक कार्यक्रमकोलागि संझौता भई आवश्यक पाठयक्रम समेत तयार पारिएको थियो। अनायासै सवै कार्यक्रमहरू वन्द भए।

**ढाँचाको परिवर्तनले शिक्षाको गुणलाई विकास गर्दैन्**

एकातर्फ कानून शिक्षाको संचालनमा नीति निर्माताहरूले कहिले पनि लक्ष्यको निर्धारण गर्न चाहेनन् भने अव्यवाहारिक पाठयक्रमको असफलतालाई सांगठनिक ढाँचाको परिवर्तनद्वारा समाधान गर्ने प्रयास गरिँदै आयो। विदेशी कानूनको पठनपाठनमा आधारित पाठयक्रमले समाजको आवश्यकतालाई पूरा नगर्नु स्वाभाविकै थियो, तर पाठ्यक्रमलाई तर्जुमा गर्दा लक्ष्य निर्धारण गर्ने र पद्धतिको निर्माण गर्नु भन्दा शिक्षण संस्थाको ढाँचामा परिवर्तन गर्ने कार्य गरियो। कलेजलाई बदलेर इन्सिच्यूट र क्याम्पसमा परिणत गरियो। स्कूलपछाडि लगत्तै कानून शिक्षालाई खुला गरियो र कानून सँगै इतिहास र राजनीति शास्त्र पढाउने पाठयक्रमको तर्जुमा गरियो, जव त्यसको उत्पादन कानूनको जटिल व्याख्या गर्ने दक्षता हासिल गर्न र तीव्र विकासको गतिलाई समात्न असफल भयो तिनै विषयहरूलाई गाभेर पुतलीको निर्माण गरियो। तर फेरि शिक्षण संस्थाको ढाँचालाई परिवर्तन गरी संकाय बनाइयो। शिक्षाको गुणलाई विकास गर्ने तर्फ ध्यान दिइएन। शिक्षा प्रणालीलाई विकास गर्ने भन्दा कार्यक्रम थप गर्ने प्रयासलाई प्राथमिकता दिइयो। परिणामस्वरूप आजसम्म कानून शिक्षाको नत स्वरूप निर्धारण हुन सकेको छ नत गुणको विकास नै।

**लक्ष्यको निर्धारण नहुनु ह्रासोन्मुख अवस्थाको मूल कारण हो**

अमेरिकाको वोस्टन शहरमा एक जना कुख्यात कानून व्यवसायी छन - उनको नाम कून्सटल हो। उनलाई कुख्यात यस अर्थमा भन्ने गरिन्छ कि पेलेस्टाइनी आतंकारीदेखि वर्ल्ड ट्रेड सेन्टरमा बम विस्फोट गर्ने र एकै रातमा ७ जना युवतीलाई बलत्कार गर्ने निर्गोका मुद्दामा बहस गर्ने सोख यिनलाई छ। तर बहसमा यिनी त्यस्तो जादू देखाउछन कि न्यायाधीशहरूको होस बारम्वार भ्रमित हुन्छ। कून्सटल मिनी बस भरी किताव लिएर अदालत आउछन् तर मुख्य भने धोएका हुँदैनन्। जव त्यस्ता मुद्दाहरू जितेको खवर छापिन्छ, उनले अध्ययन गरेको कलेजले विज्ञापन गर्दा कून्सटलको नाम लिने गर्दछ र प्रत्येक अमेरिकी कानूनका विद्यार्थी एक पटक कून्सटलको सहायक बन्न पाउने चाहना राख्दछन्। कून्सटल आफूके भन्दछन् भने उनको त्यो योग्यता उनका गुरुहरूको देन हो।

वास्तवमा शिक्षा भनेको शिक्षकहरूको मेहनत हो। यस मेहनतमा अनुशासन, लगनशीलता र दृष्टिकोणको मिश्रण रहेको हुन्छ। तर यो मिश्रणको प्रभावकारिता निश्चित लक्ष्यप्रति आर्कपित रहनु आवश्यक हुन्छ जुन नेपालको कानूनी शिक्षामा सँदैव खडकिएको छ। न्यायको विवेचना गर्ने व्यवसायीहरू निर्माण गर्ने शिक्षामा राज्यको लगानी कति रहेको छ र शिक्षा प्राप्त गर्ने व्यक्तिको लगानी कति रहेको छ? राज्यले कानून शिक्षाको विकासमा कहिल्यै पनि लगानी गर्ने उत्साह राखेको छैन भने विद्यार्थीहरूले पनि शिक्षा लगानी गरेर लिने चीज हो भनी महशूस पनि गरेको अवस्था छैन्। यसरी लगानीको पूर्णतः अभावको कारण भने लक्ष्यविहीनता नै

हो। राज्यले नागरिकलाई न्याय दिनु पर्ने कर्तव्य ठानेको छैन। जुन समाजमा न्याय दिनुपर्ने कर्तव्यवोध रहन्छ उसले दक्ष कानूनविद्को उत्पादन गर्न कानून शिक्षामा लगानी गर्नु पर्दछ. तर जुन समाजलाई न्याय दिनुपर्ने आवश्यकता नै छैन उसलाई कानूनको शिक्षामा लगानी गर्नु पर्ने आवश्यकतावोध हुनुपर्ने बाध्यता नै रहदैन्।

नेपाली समाजको कानून र न्याय प्रणाली तीव्र परिवर्तनका क्रमहरूबाट अगाडि बढिरहेका छन्। यस क्रममा समाजलाई त्यस्ता शीप र दक्षता भएका कानूनविद्हरू आवश्यक छ जसले परिवर्तन सँगै आफ्नो शीपलाई परिवर्तन गर्न सकुन्। व्यवसायको विशिष्ट दक्षता भन्दा प्रत्येक विषयलाई प्रयोग गर्न सक्ने व्यवसायिक शीप दिने शिक्षा यस समाजकोलागि आवश्यक भए पनि र आफ्नै कानून शास्त्रको चरित्रको विश्लेषण गर्न सक्ने कानूनविद् निर्माण गर्नु पर्ने आवश्यकता भए पनि हाम्रो शिक्षाको लक्ष्य साल्मण्ड र सेभीग्नीका परिभाषा कन्ठ गराउने पद्धतिमा सीमित रहेको छ। परिणामस्वरूप प्रत्येक पछिल्लो पुस्ता दौडमा अगाडि जानु पर्नेमा धेरै पछाडि छाडिदैछ।

**कानून शिक्षाको मूल चरित्र र व्यवसायिकता**

कानून शिक्षा कतिपय अर्थमा चिकित्सा तथा इन्जिनीयरिंग (अभियन्त्रण) जस्तै विशुद्ध व्यवसायिक शिक्षा हो। यसले व्यवसायिक शीप र शीपको प्रयोगमा अपनाउनु पर्ने नैतिकतामा बढी जोड दिन्छ। उदाहरणको लागि अस्पताल र बिरामीको मुख्य नदेखेको एउटा चिकित्सकको कल्पना गरौं। चिकित्सा शास्त्रका पुस्तकहरू पढन हामी पनि संकौला तर अप्रेसन गर्न त शीपको आवश्यकता पर्छ र शीप त प्रयोगबाट मात्र प्राप्त गर्न सकिन्छ। कानूनको अध्ययन नेपालमा यसै उदाहरण अनुरूप भईरहेको छ। वर्तमान पाठ्यक्रममा व्यवसायिक शीप र नैतिकताको अध्ययन र अध्यापनको कुनै अंश नै छैन। विद्यार्थीहरूलाई कोरा व्याख्यान दिईन्छ र भनिन्छ "न्यायपालिकाले कार्यपालिकाको कार्यमा हस्तक्षेप गर्दैन्" तर हाम्रै देशमा न्यायपालिकाले संसदलाई पुनर्स्थापना गरिरहेको र टनकपुर जस्ता निर्णयहरू गरिरहेको छ। तसर्थ कानूनी शिक्षाको उद्देश्य व्याख्याको शीप सिकाउने र व्यवसायिक आचरणको निर्माण गर्नु रहन्छ जुन कुराको पूर्णतः अभाव हामी कहाँ रहेको छ।

यस अर्थमा कानून शिक्षाको वर्तमान स्वरूपलाई यस आख्यानबाट समाप्त गर्नु पर्ने देखिन्छ। प्यारासूटबाट फाल हाल्नु पर्ने जवानहरूको तालीम सकिएपछि प्रयोगको पहिलो दिन सबैलाई लाईनमा राखिएछ। जनरलले सबैको निरीक्षण गर्दै सोधेछन "कसो छ तयार छौ? सबैले तयार बताए छन् तर एक जनाले भनेछ "तयार छैन"। जनरललाई अचम्म लागेछ जुन कुराका लागि उभिएको छ, तालीम पाएको छ र तयार पनि भएको छ त्यही काम गर्न उ चाहँदैन्। उनले सोधेछन्, किन? उसले जवाफ दिएछ, "म फाल हाल्ने बीरहरूको संगत गर्न चाहन्छु, फाल हाल्ने भने चाहना छैन्"। एउटा कालो कोट लगाउने वकीलले यस्तो जवाफ दिएमा शिक्षाको सार्थकता के रहला? तर आजको वास्तविकता भने यस्तै नै छ।

नव वर्ष २०५४ को
मङ्गलमय उपलक्ष्यमा
समस्त ग्राहक तथा उपभोक्ता महानुभावहरूमा
हार्दिक
मङ्गलमय शुभ कामना
व्यक्त गर्दछौं।

नेपाल खाने पानी संस्थान परिवार